म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ५२ २०८० पुस २४ गते मंगलबार 9 January 2024, Tuesday - पृष्ठ ८ मूल्य रु. ५/-

ग्राहक वर्गमा हार्दिक अनुरोध

विद्युत सम्बन्धी कुनै पनि गुनासो वा समस्या भए नेपाल विद्युत प्राधिकरणको हटलाईन नम्बर ११५० डायल गरी निर्देशन बमोजिम ८ थिची जानकारी गराउनुहोस् । हामी तपाईको समस्या समाधान गर्न २४ सै घण्टा समर्पित रहनेछौं ।

नेपाल विद्युत प्राधिकरण
बागमती प्रदेश, प्रदेश डिभिजन कार्यालय, हेटौंडा

## राष्ट्रियसभा सदस्य निर्वाचन

# बागमतीमा १५ जनाको उम्मेदवारी दर्ता



*सत्तारुढ गठबन्धनका तर्फबाट उम्मेदवारी दर्ता गराउन निर्वाचन कार्यालय परिसरमा पुगेका उम्मेदवार ।*

रामकृष्ण घोरासाइनी

हेटौंडाः राष्ट्रियसभा सदस्य निर्वाचनका लागि बागमती प्रदेशमा १५ जनाले उम्मेदवारी दर्ता गराएका छन् । निर्वाचनका लागि सत्ता गठबन्धन दलबाट ४ जना, नेकपा एमालेका ४ जना, नेपाल मजदुर किसान पार्टीबाट ४ जना र राष्ट्रिय प्रजातन्त्र पार्टीका ३ जना गरी बागमती प्रदेशमा १५ जनाले उम्मेदवारी दर्ता गराएका हुन् ।

सोमबार राष्ट्रियसभा सदस्य निर्वाचनको कार्यालय हेटौंडामा उपस्थित भएर मनोनयन दर्ता गरिएको हो । बागमती प्रदेशमा महिला समूहका लागि ४ राजनीतिक दलका, दलित समूहका लागि ३ राजनीतिक दलका, अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदायका लागि ४ राजनीतिक दलका र अन्य समूहका लागि ४ राजनीतिक दलका गरी जम्मा १५ जना उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ । राप्रपाका एक उम्मेदवारको उमेर नपुगेपछि उनको उम्मेदवारी कायम नभएको हो ।

मनोनयन दर्ता गराउनेमा गठबन्धनबाट नेपाली काँग्रेसका जितजंग बस्नेत (ललितपुर) र विष्णुदेवी पुडासैनी (काठमाडौं) रहनु भएको छ । मनोनयन दर्ता गराएका बस्नेतको प्रस्तावकमा कुन्दनराज काफ्ले रहनुभएको छ भने बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तान समर्थकमा रहनुभएको छ । मनोनयन दर्ता गराएका पुडासैनीको प्रस्तावकमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेल रहनुभएको छ भने समर्थकमा राजु विष्ट रहनुभएको छ ।

यस्तै, माओवादीबाट नुवाकोटका श्रीकृष्ण अधिकारीले उम्मेदवारी दर्ता गर्नु भएको छ । मनोनयन दर्ता गराएका अधिकारीको प्रस्तावकमा बहादुरसिं लामा रहनुभएको छ भने समर्थकमा रत्नप्रसाद ढकाल रहनुभएको छ । नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीबाट दोलखाका घनश्याम रिजाल रहनुभएको छ । मनोनयन दर्ता गराएका रिजालको प्रस्तावकमा कृष्णप्रसाद शर्मा खनाल रहनुभएको छ भने समर्थकमा मीनाकुमारी लामा रहनुभएको छ ।

एमालेबाट दोलखाकी रोचकुमारी चौलागाईं, काठमाडौंका विवेक देवकोटा, धादिङका ध्रुव विश्वकर्मा र चितवनका त्रिलोचन निर्मल पौडेल रहनुभएको छ । मनोनयन दर्ता गराएका चौलागाईको प्रस्तावकमा हिदम लामा र समर्थकमा उर्मिला सुनुवार रहनुभएको छ । मनोनयन दर्ता गराएका देवकोटाको प्रस्तावकमा एका लाल श्रेष्ठ र समर्थकमा उमाकुमारी लामा रहनुभएको छ । मनोनयन दर्ता गराएका विश्वकर्माको प्रस्तावकमा हिदम लामा र समर्थकमा उर्मिला सुनुवार रहनुभएको छ । मनोनयन दर्ता गराएका पौडेलको प्रस्तावकमा एका लाल श्रेष्ठ र समर्थकमा उमाकुमारी लामा रहनुभएको छ ।

नेपाल मजदुर किसान पार्टीबाट भक्तपुरका हिमालयश्वरलाल मुल, काठमाडौंका श्रीकृष्ण महर्जन, भक्तपुरका संगीता नेपाली र भक्तपुरका कृष्णलक्ष्मी दुवाल रहनुभएको छ । मनोनयन दर्ता गराएका हिमालयश्वरको प्रस्तावकमा सुरेन्द्रराज गोसाई र समर्थकमा सृजना सयजु रहनुभएको छ । मनोनयन दर्ता गराएका महर्जनका प्रस्तावकमा गीता काफ्ले र समर्थकमा सुनिल प्रजापति रहनुभएको छ । मनोनयन दर्ता गराएका नेपालीको प्रस्तावकमा सुनिल प्रजापति र समर्थकमा गीता काफ्ले रहनुभएको छ भने मनोनयन दर्ता गराएका दुवालका प्रस्तावकमा सृजना सयजु र समर्थकमा रजनी जोशी रहनुभएको छ ।

यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट चितवनका भरतमणि भट्ट, लमजुङका हेमजङ्ग गुरुङ, बालकुमारी डल्लाकोटी रहनुभएको छ । मनोनयन दर्ता गराएका भट्टको प्रस्तावकमा धनेश्वरी प्रजापति र समर्थकमा लक्ष्मी घिमिरे रहनुभएको छ । मनोनयन दर्ता गराएका गुरुङको प्रस्तावकमा उद्धव थापा र समर्थकमा डम्बर तामाङ रहनुभएको छ भने मनोनयन दर्ता गराएका डल्लाकोटीको प्रस्तावकमा आशा लामा र समर्थकमा राजु विष्ट रहनुभएको छ ।

आज पुस २४ गते मंगलबार उम्मेदवारको विरोधमा उजुरी दिने समयावधी तोकिएको छ । पुस २५ गते बुधबार र पुस २६ गते बिहीबार आयोगले उजुरीमाथि जाँचबुझ गरी निर्णय गर्नेछ । पुस २६ गते उम्मेदवारको नामावली प्रकाशन, पुस २७ गते उम्मेदवारले नाम फिर्ता लिने र अन्तिम नामावली प्रकाशन गर्ने निर्वाचन आयोगले जनाएको छ । पुस २८ गते उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्नेछ । बागमती प्रदेशमा प्रदेशसभा सदस्य १ सय १० जना र २ सय ३७ स्थानीय तहका प्रतिनिधि गरी ३ सय ४७ जनाले मतदान गर्नेछन् । हेटौंडा-४ स्थित भूटनदेवी माविमा बागमती प्रदेशको मतदानस्थल तोकिएको छ । निर्वाचनका लागि दुई मतदान केन्द्र तोकिएको छ ।

# मन्त्री श्रेष्ठद्वारा प्रगति विवरण सार्वजनिक

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/०८१ मा गरेका कार्यहरुको प्रगति विवरण सार्वजनिक गर्नुभएको छ । सोमबार सञ्चारकर्मीहरुसँग साक्षात्कार कार्यक्रमको आयोजना गर्दै मन्त्री श्रेष्ठले चालु आर्थिक वर्षको प्रगति विवरण सार्वजनिक गर्नुभएको हो ।

मन्त्री श्रेष्ठले मन्त्रालय र मातहत निकायको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण तयार स्वीकृत भई पद दर्तासमेत भएको बताउनुभएको छ । मन्त्रालयको गत आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको र मन्त्रालयको प्रथम चौमासिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न गरिएको जानकारी दिनुभयो । बढ्दै गएको चिसो मौसमलाई मध्यनजर गर्दै विभिन्न स्थानीय तहको समन्वयमा फाइबर सिरक वितरण गरिएको र संविधान दिवस/राष्ट्रिय दिवसमा प्रदेशस्तरीय मूल समारोह समिति गठन गरी विभिन्न कार्यक्रमहरु गरिएको मन्त्री श्रेष्ठले बताउनुभएको छ ।

मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यविधि २०७७ र आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यविधि २०७८ बमोजिम प्रदेश सरकारको हिस्साबापत १ हजार ३ सय ३७ लाभग्राहीलाई ३ करोड १७ लाख १० हजार रुपैयाँ प्रदान गरेको जानकारी दिनुभयो । बागमती प्रदेशको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० तयार गरी स्वीकृत भएको र विपद् व्यवस्थापनसम्बन्धी सरोकारवालाहरुसँग रसुवा र दोलखामा अन्तरक्रिया गरिएको बताउनुभयो । विपद् व्यवस्थापनसम्बन्धी सचेतना फैलाउने उद्देश्यले चितवनको रत्ननगर नगरपालिकामा आगलागीसम्बन्धी सैद्धान्तिक तथा प्रयोगात्मक कक्षामार्फत् सामुदायिक विद्यालय र स्थानीयबासीसँग सचेतनामूलक कार्यक्रम आयोजना गरेको उहाँको भनाइ छ ।

मन्त्रालयले ऐन-२, कार्यविधि-७, नियमावली २ (संशोधनसहित), मापदण्ड-२, आदेश-१ (संशोधनसहित) गरी १४ वटा कानुन राजपत्रमा प्रकाशन गरेको मन्त्री श्रेष्ठले बताउनुभयो । १९ वटा क्रमागत र ५ वटा नयाँ प्रहरी इकाई भवनको बहुवर्षीय बजेट सुनिश्चितपश्चात् निर्माणका लागि २६ करोड ५५ लाख रुपैयाँ बागमती प्रदेश प्रहरी कार्यालय मातहतका प्रहरी इकाईहरुलाई अख्तियारी प्रदान गरिएको र ८ वटा प्रहरी भवनको उद्घाटन गरेको उहाँले बताउनुभयो ।

संविधानबमोजिम मन्त्रालयका लागि आवश्यक ऐन कानुन निर्माण गर्न प्रदेश सरकारबाट ध्यानाकर्षण गराउँदै आएको आन्तरिक मामिला तथा कानुनमन्त्री श्रेष्ठले जानकारी दिनुभयो । अन्तरप्रदेश सहयोगस्वरुप कर्णाली प्रदेशका भूकम्प पीडितलाई १ करोड ५० लाख रुपैयाँ प्रदान गरिएको उहाँले बताउनुभयो । विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि स्थानीय तहहरुलाई २ करोड ३५ लाख रुपैयाँ प्रदान गरिएको मन्त्री श्रेष्ठको प्रगति विवरणमा उल्लेख छ । प्रदेशका ७२ गाउँपालिकामा स्थानीय न्यायिक सहजकर्ता नियुक्त गरिएको, प्रदेशस्तरीय सुरक्षा तथा अपराध अनुसन्धान गोष्ठी धुलिखेलमा सम्पन्न गरेको, आत्महत्या न्यूनीकरणसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको र सबै प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रीहरुको सहभागितामा प्रहरी समायोजनलगायत मन्त्रालयको कार्यक्षेत्रसम्बन्धी गोष्ठी गरेको मन्त्री श्रेष्ठले बताउनुभयो । चलचित्रसम्बन्धि ऐन तर्जुमाका लागि मन्त्रिपरिषद्‌बाट सैद्धान्तिक स्वीकृति प्राप्त भई तर्जुमाको क्रममा रहेको मन्त्री श्रेष्ठले प्रगति विवरणको रुपमा सुनाउनुभयो ।

मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयनका लागि विभिन्न कार्यविधि तर्जुमा गरिएको मन्त्री श्रेष्ठले जानकारी दिनुभयो । द्वन्द्वपीडितका लागि सबलीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०, मौलिक चलचित्र निर्माण तथा प्रवर्द्धनमा सहयोग कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, जनचेतनामूलक प्रचार सामग्री निर्माण, प्रसारण तथा वितरण कार्यविधि २०८०, युवा सचेतना कार्यक्रम सञ्चालन कार्यविधि २०८०, स्थानीय न्यायिक सहजकर्ता नियुक्ति तथा परिचालनसम्बन्धी कार्यविधि २०८० तर्जुमा गरिएको उहाँले बताउनुभयो । सञ्चारकर्मीहरुलाई अनलाइन पत्रकारिता तालिम, रेडियो प्राविधिकहरुलाई तालिम तथा मल्टिमिडिया तथा मोबाइल पत्रकारिता तालिम सम्पन्न भएको मन्त्री श्रेष्ठले प्रगति विवरणमा सुनाउनुभयो ।

४ सय ४० जना पत्रकारहरुको सामूहिक दुर्घटना बीमा लागू गरेको र ३१ जना महिला पत्रकारलाई समाचार लेखन तथा सम्पादन तालिम प्रदान गरिएको मन्त्रालयको प्रगति विवरणमा समावेश गरिएको छ । विधागत पत्रकारिता, साइबर सुरक्षाजस्ता समय सान्दर्भिक विषयमा पुस्तक प्रकाशन गरिएको भन्दै मन्त्री श्रेष्ठले ७८ नयाँ पत्रकार परिचयपत्र जारी भएको, अननाइलन पत्रकारिता इजाजतपत्र १८ वटा र २५० वाट क्षमताको एफएम रेडियोको इजाजतपत्र प्रदान गरिएको बताउनुभयो ।

हार्दिक बधाई



मकवानपुर जिल्ला सहकारी संघको मिति २०८० साल पुस २१ गते सम्पन्न **20 औं वार्षिक साधारणसभा**बाट निर्वाचित अध्यक्ष नारायण प्रसाद देवकोटा, उपाध्यक्ष मेनुका दाहाल, सचिव दिनेश उपाध्याय, कोषाध्यक्ष बिमल कुमार ढकाल, सह–सचिव भोगेन्द्र लुईटेल, सदस्यहरु श्रमिक लामा, बिमला कार्की, अर्जुनप्रसाद वाग्ले, हेमप्रसाद न्यौपाने, सीताराम दाहाल, हरिप्रसाद पौडेल, शर्मिला डंगोल, लेखा समिति संयोजक खेमराज सापकोटा, सदस्य ज्ञानेन्द्र ढुंगाना, लक्ष्मणप्रसाद सुवेदीलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

गोविन्द दहाल, व्यवस्थापक
एवम् मकवानपुर जिल्ला सहकारी संघ लिमिटेड कर्मचारी परिवार
हेटौंडा, मकवानपुर

# नुवाकोट र चितवनमा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः नुवाकोट र चितवन जिल्लाको विभिन्न स्थानमा ३ जनाको मृत्यु भएको छ । आइतबार चितवनमा २ र नुवाकोटमा १ गरी ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका-११, ढाडखर्कमा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ६१ वर्षीय ज्ञान बहादुर तामाङ रहेको प्रहरीले जानकारी दिएको छ ।

तामाङ आइतबार बिहान ८ बजेको समयमा गोरेटो बाटोदेखि एक सय मिटर तल खोल्सामा खसेर मृत अवस्था फेला परेका थिए । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल त्रिशुली लगिएको प्रहरीले जानकारी दिएको छ । यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-२६, सिसवारमा एकजना पुरुष मृत फेला परेका छन् । आइतबार नारायणी नदि किनारमा नामथर नखुलेको अन्दाजी ४५ वर्षीय (नदिले बगाई ल्याएको जस्तो देखिने) पुरुष व्यक्ति रहेको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि भरतपुर अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, चितवन जिल्लाको राप्ती नगर पालिका-१, महादेवटारमा मोटरसाइकल र बस एक आपसमा ठोकिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा चितवन रत्ननगर नगरपालिका-१ का ४७ वर्षीय अर्जुन तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । आइतबार पूर्व-पश्चिम राजमार्गमा हेटौंडाबाट भण्डारातर्फ जाँदै गरेको ना ३९ प ५०४८ नम्बरको मोटरसाइकल र विपरित दिशाबाट जाँदै गरेको बा प्र ०३-००१ ख २५३६ नम्बरको बसको पछाडि साईटमा ठोकिँदा तामाङ गम्भीर घाइते भएका थिए । घाइते तामाङलाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

## सम्पादकीय

# युवा विदेशिने क्रम रोकौं

देश विकासको मेरुदण्ड भनेको त्यस देशको युवाशक्ति हो । युवाहरुलाई शिक्षित, सीपवान, दक्ष र सक्षम बनाएर देशमै टिकाइराख्न सकेमा देश विकासको क्रमले गति लिन सक्छ । युवाले चाहेमा देशको समृद्धिमा महत्वपूर्ण योगदान दिनसक्ने भए पनि नेपालको अवस्था त्यस्तो छैन । आम नेपाली युवाहरु विदेशिने क्रम दिन प्रतिदिन बढ्दै गएको छ । केही नगन्य शिक्षित युवाहरु स्वदेशमै अध्ययन पूरा गरेर रोजगारीको क्षेत्रमा लागेका भए पनि अधिकांश युवाहरु विदेशिएका छन् । न्यून रोजगारीको अवसर, आर्थिक समस्या, शैक्षिक क्षेत्रको अस्तव्यस्त नीतिका कारण युवाहरु रोजगारी र अध्ययनका लागि विदेशिने क्रम बढ्दै गएको छ । दैनिक २ हजारभन्दा बढी युवा वैदेशिक रोजगारीका लागि विदेशिने गरेको तथ्यांकले युवाको विदेश मोहलाई प्रष्ट पारेको छ । देशभित्रै सम्भावना नदेखेकै कारण युवाहरु विदेशिएका हुन् । सरकारले युवालाई स्वदेशमै टिकाउन र बिकाउन उचित वातावरण बनाउन नसक्दासम्म युवा विदेशिने क्रम रोकिने सम्भावना देखिँदैन ।

देशभित्रै रहेका सिमित युवाहरु पनि विभिन्न कुलत र आपराधिक क्रियाकलापमा फस्दै गएका छन् । साथीभाइको संगत, पारिवारिक झैझगडा, प्रेममा धोकाका कारणले युवाहरु मादक पदार्थ तथा लागूऔषध दुर्व्यसनमा फस्ने गरेका छन् । देशभित्र पर्याप्त रोजगारीको अवसर सृजना नहुनु र युवालाई स्वरोजगार बनाउने प्रभावकारी नीति नहुँदा युवाहरु विभिन्न समस्यामा फस्दै गएका हुन् । आफूले चाहेजस्तो रोजगार नपाउने र चाँडै धनी बन्ने सपनाले युवाहरु चोरी, डकैती, हातहतियार, लागूऔषधजस्ता गैरकानुनी सामग्री ओसारपसार/कारोबारमा संलग्न भइरहेका छन् । राजनीतिमा बढ्दै गएको अपराधिकरणका कारण पनि कतिपय युवाहरु आपराधिक क्रियाकलापमा संलग्न हुने गरेको पाइन्छ । स्वदेशको कष्टकर अवस्थाबाट मुक्त हुन र चाँडै धनी बन्ने सपना देखेर विदेशिएका कयौं युवाको बिचल्ली भएको तथ्यलाई पनि भुल्नु हुँदैन । खाडी मुलुकमा कठिन श्रम गर्नेदेखि विभिन्न द्वन्द्व र युद्धग्रस्त क्षेत्रमा नेपालीहरुले पाएको दुःख र पीडालाई सामान्य मान्न सकिँदैन । गैरकानुनीरुपमा विदेश जाने र एउटा देशबाट अर्को देशमा गैरकानुनीरुपमा पुग्ने युवाले भोग्नुपरेको कष्टले नेपाली युवा समस्याको जालोमा रुमल्लिरहेको देखिन्छ ।

पर्याप्त शिक्षा हासिल गर्न नसकेका युवामात्र नभई उच्च शैक्षिक योग्यता भएका र विशिष्ट ज्ञान, सीप हासिल गरेका युवासमेत स्वदेश छाडेर परदेशतर्फ लाग्ने क्रम बढिरहेको छ । वैदेशिने मोहकै कारण देशका सबैजसो गाउँबस्ती युवाविहीन बनेका छन् । विदेश भनेपछि भुतुक्कै हुने युवा र तिनलाई विदेशिन बाध्य पार्ने सरकारकै कारण देशको समृद्धि सपनामात्र बनिरहेको छ । यसले युवा विदेशिनुमा युवा स्वयम् र सरकारको समेत कमजोरी रहेको बुझ्न सकिन्छ । युवाहरुमा जे गर्न सकिन्छ, आफ्नै देशमा गर्नुपर्छ भन्ने सोचको विकास नहुँदासम्म र सरकारले पनि युवालाई स्वदेशमै टिकाउन उचित नीति तथा कार्यक्रम नबनाउँदासम्म विदेशिने क्रम रोकिनेछैन ।

देशमा विद्यमान राजनैतिक अस्थिरता र रोजगारी तथा अवसरको अभावमा अधिकांश नेपाली युवा विदेश पलायन भएका हुन् । मुलुकभित्रै भएका अपार प्राकृतिक सम्पदाको प्रयोग गरी समृद्धिको दैलो उघार्ने कार्यमा युवाले विशिष्ट योगदान दिन सक्छन् । स्वदेशमै विकास निर्माणका कामले तीव्रता पाएमा विदेश जाने युवाको संख्या कम हुँदै जान्छ । नयाँ उद्योगधन्दा स्थापना नहुने, व्यापार खस्कँदै जाने र रोजगारीको अवसर नपाउने कारण नै अधिकांश युवा विदेशिन बाध्य बनेका हुन् । जलस्रोत, पर्यटन तथा कृषिको मात्र विकास गर्न सकेमा पनि युवा विदेशिने क्रम कम हुने र देश समृद्धितर्फ अघि बढ्ने सम्भावना प्रशस्त छ । मुलुक समृद्धितर्फ अघि बढेमा विदेशिएकाहरु पनि स्वदेश फर्कने सम्भावना उत्तिकै हुनेछ । मुलुकका प्रमुख राजनीतिक दलहरु सत्ताको अघिपछि रुमल्लिरहने र युवाहरु विदेश पलायन भइरहने हो भने यो मुलुक समृद्ध राष्ट्र बन्न सक्दैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : बौद्धिक र दार्शनिक क्रियाकलापमा सरिक भइने छ ।
वृष : परिवारको इच्छा बुझेर अगाडि बढ्दा राम्रो हुन्छ ।
मिथुन : परोपकारी र सामाजिक काममा दौडधूप होला ।
कर्कट : भोगविलास र आनन्दप्रति मन आकर्षण बढ्ला ।
सिंह : मनोरञ्जन र भेटघाटमा समय व्यतित होला ।
कन्या : दूरगामी लगानीमा ध्यान पुऱ्याउँदा राम्रो ।
तुला : विशिष्ट व्यक्तिसँग मित्रता बढ्ला ।
वृश्चिक : कामधन्दामा व्यस्त रहने समय योग देखिन्छ ।
धनु : महत्वकांक्षा नराख्दा नै राम्रो रहने समय छ ।
मकर : परिबन्ध र बाध्यताका कारण आर्थिक बोझ होला ।
कुम्भ : मातृपक्षको सल्लाहले गरिएको कामबाट लाभ ।
मीन : न्यायिक र प्रशासनिक क्षेत्रबाट लाभ प्राप्त होला ।

# गाउँ रित्तिनु कृषि व्यवसायीकरणका लागि अवसर



पदम भण्डारी



ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा स्थायी वा अस्थायी रूपमा बसाइँसराइ हुनु, सहरी क्षेत्रमा जनसंख्या बढ्दै जानु र ग्रामीण क्षेत्र रित्तिँदै जानुलाई धेरैले चिन्ताजनक भनेका छन् । अहिलेको नेपालको परिवेशमा ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा जनसंख्याको स्थानान्तरण भइरहेको हामीले देखिरहेका छौं ।

हुन त यो अवस्था हाम्रो मुलुकमा मात्र होइन, विश्वभर देख्न सकिन्छ । विश्वमा सबैभन्दा धेरै स्थानान्तरणका लागि रोजिएका गन्तव्य र जनता कहाँबाट कहाँ बसाइँ सर्दैछन् भन्ने कुरा यो दृष्टान्तले बताउँछ अमेरिका–जापान/रुस–अमेरिका/मेक्सिको–क्यानडा/ब्राजिल–पोर्चुगल/पोर्चुगल–नेदरल्यान्ड/नेदरल्यान्ड–स्पेन/स्पेन–फ्रान्स/फ्रान्स–क्यानडा/क्यानडा–जापान/जापान–बेलायत/इन्डोनेसिया–जापान/थाइल्यान्ड–जापान/बेलायत–क्यानडा/अर्जेन्टिना–स्पेन/चिली–स्पेन/पेरु–स्पेन/कोलम्बिया–स्पेन/इक्वेडर–स्पेन/भारत–क्यानडा/पाकिस्तान–क्यानडा/टर्की–जर्मनी/युक्रेन–पोल्यान्ड/पोल्यान्ड–जर्मनी/जर्मनी–स्वीजरल्यान्ड/नर्वे–अमेरिका/स्वीडेन–स्पेन/फिनल्यान्ड–स्पेन/बेल्जियम–क्यानडा/आयरल्यान्ड–क्यानडा/इटली–स्वीजरल्यान्ड/ग्रिस–जर्मनी/साउदी अरब–कतार/कतार–क्यानडा/इजिप्ट–ओमान/दक्षिण अफ्रिका–क्यानडा/नाइजेरिया–क्यानडा । यसले के देखाउँछ भने बसाइँसराइ विश्वमा भइरहने परिघटना हो ।

गाउँको जनसंख्या घट्दै गएर सहरी क्षेत्रमा जनसंख्या बढ्नुको सकारात्मक एवं नकारात्मक दुवै पाटा छन् । सहरी क्षेत्रले प्रायः अधिक रोजगारीका अवसर र उच्च ज्यालादर प्रदान गर्छ, जसले ग्रामीण क्षेत्रका मानिसलाई राम्रो आर्थिक सम्भावनाहरूको खोजीमा आकर्षित गर्छ । सहरमा त्यति नै रकम खर्चेर गाउँमा भन्दा बढी जनसंख्यालाई सेवाहरुमा पहुँच पुर्याउन सकिन्छ । सहरी क्षेत्रले विभिन्न परम्परा, भाषा र सांस्कृतिक समुदायका मानिसहरुलाई विविधताको झल्को दिन्छ । सहरीकरणले प्रायः सार्वजनिक यातायात, सडक र उपयोगिताजस्ता पूर्वाधारहरुको विकासलाई चलायमान गराउँछ ।

सहरीकरणले आर्थिक अवसरमा वृद्धि, राम्रो स्वास्थ्य सेवा र शिक्षामा पहुँच, सुधारिएको पूर्वाधार र यातायात, सांस्कृतिक विविधता र प्राविधिक विकासलगायत धेरै फाइदा ल्याउन सक्छ । यसले स्रोतको प्रयोग र सेवाहरुको वितरणमा अझ प्रभावकारिता ल्याउन सक्छ । सहरीकरणबाट व्यापार–व्यवसाय बढ्छ, राम्रो लगानीका अवसर, बढेको जीविकोपार्जनका अवसर एवं थप विदेशी लगानीहरु आकर्षित हुन्छन् । राम्रो शिक्षा र स्वास्थ्य सेवा, लैंगिक समानता, समुदायहरुको राम्रो सामाजिक एकीकरण, अधिक जनचेतना, प्राकृतिक स्रोतहरुको राम्रो निकटता/उपलब्धता, भूमि–उपयोगमा एकीकरण सम्भव बनाउँछ ।

ग्रामीण क्षेत्रले सहरीकरणबाट विभिन्न तरिकाले फाइदा लिन सक्छ । सहरीकरणले सहरी केन्द्रहरुमा नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्न सक्छ, जसले ग्रामीण बासिन्दालाई रोजगारी खोज्न आकर्षित गर्न सक्छ । यसले ग्रामीण क्षेत्रमा बेरोजगारी दर र गरिबीको स्तर घटाउन मद्दत गर्न सक्छ । सहरी क्षेत्रहरुमा अक्सर स्वास्थ्य सेवा, शिक्षा र पूर्वाधार जस्ता आवश्यक सेवाहरूमा राम्रो पहुँच हुन्छ । ग्रामीण बासिन्दाले गुणस्तरीय स्वास्थ्य सेवा–सुविधा, विद्यालय, यातायात सञ्जाल र सुविधाहरूमा सुधारिएको पहुँचबाट लाभ उठाउन सक्छन्, जुन सामान्यतया सहरी क्षेत्रमा बढी विकसित हुन्छन् । सहरी क्षेत्र आविष्कार, अनुसन्धान र प्राविधिक विकासका केन्द्र हुन् । सहरीकरणको माध्यमबाट, ग्रामीण क्षेत्रहरुले ज्ञान, प्रविधि र विशेषज्ञताको स्थानान्तरणबाट लाभान्वित हुन सक्छन्, जसले स्थानीय उद्योगहरूको विकासलाई समर्थन गर्न र कृषि, उत्पादन र अन्य क्षेत्रहरूमा उत्पादकत्व सुधार गर्न सक्छ ।

सहरीकरणले सडक, पुल, विमानस्थल र सञ्चार सञ्जाललगायतका सुधारिएको पूर्वाधारको विकास गर्न सक्छ । यी पूर्वाधार विकासले ग्रामीण क्षेत्रलाई सहरी केन्द्रहरुसँग जोड्न, यातायात र कनेक्टिभिटीमा सुधार गर्न र सामान र सेवाहरुको आवागमनलाई सहज बनाउन सक्छ । त्यसैगरी सहरी क्षेत्रले प्रायः ग्रामीण क्षेत्रहरुमा उत्पादित कृषि उत्पादन र अन्य वस्तुहरूका लागि ठूलो र अधिक विविध बजारहरु प्रदान गर्छ । सुधारिएको यातायात सञ्जालले ग्रामीण उत्पादकहरुलाई सहरी बजारहरु अझ प्रभावकारी रूपमा पहुँच पुर्याउन उनीहरूको ग्राहक आधार विस्तार गर्न र सम्भावित रूपमा उनीहरूको आम्दानी बढाउन सक्षम बनाउन सक्छ ।

सहरीकरणले विभिन्न पृष्ठभूमि, संस्कृति र दृष्टिकोणका मानिसहरुलाई एकसाथ ल्याउँछ । सहरी क्षेत्रमा बसाइँ सर्ने ग्रामीण बासिन्दाहरूले सांस्कृतिक आदानप्रदानको अनुभव गर्न सक्छन्, नयाँ विचारहरुका लागि एक्सपोजर प्राप्त गर्न सक्छन् र विविध जनसंख्यासँग अधिक अन्तरक्रियामार्फत आफ्नो क्षितिज फराकिलो बनाउन सक्छन् । सहरी क्षेत्रले सामान्यतया सामाजिक सेवा–सुविधाहरु जस्तै– मनोरञ्जन सुविधा, मनोरञ्जन स्थल, किनमेल केन्द्र र सांस्कृतिक संस्थाहरु प्रदान गर्छ । यी सुविधाले ग्रामीण बासिन्दाहरूका लागि जीवनको गुणस्तर बढाउन सक्छ, जुन सहरी क्षेत्रमा घुम्न वा स्थानान्तरण गर्छ ।

सहरीकरणले वातावरणीय ह्रास, भीडभाड र सामाजिक असमानताजस्ता चुनौतीहरू पनि निम्त्याउँछ, जसलाई सहरी जीवनका फाइदाहरू पूर्ण रूपमा महसुस गर्न सावधानीपूर्वक व्यवस्थित गर्न आवश्यक छ । यो पनि ध्यान दिनु जरुरी छ कि सहरीकरणले ग्रामीण क्षेत्रमा फाइदा पुऱ्याउन सक्छ, तर प्रत्येक क्षेत्रको विशिष्ट आवश्यकता र विशेषतालाई ध्यानमा राख्दै सन्तुलित र दिगो विकास सुनिश्चित गर्न महत्वपूर्ण छ । अन्यथा जीवनयापनको बढ्दो लागत, धनी र गरिबबीचको ठूलो विभाजन, दुर्लभ स्रोतहरूमा ठूलो द्वन्द्व, संगठित अपराधको उच्च घटना, सीमित प्राकृतिक स्रोतहरूमा तनाव, कंक्रिट जंगलको वृद्धि, कम जैविक विविधता, प्रदूषण, बढ्दो फोहोर उत्पादन, ग्लोबल वार्मिङ र जलवायु परिवर्तन, उच्च घनत्व, कम बस्ने ठाउँजस्ता सहरीकरणको नकारात्मक प्रभावलाई सफलतापूर्वक सम्बोधन गर्न जरुरी छ ।

ब्राजिलको क्युरिटिबा, डेनमार्कको कोपेनहेगन, सिंगापुर, संयुक्त राज्य अमेरिकाको पोर्टल्यान्ड र ओरेगन, जर्मनीको फ्रेइबर्गजस्ता ठूला सहरहरु कसरी विकसित भए र हाल दिगो सहरका रुपमा कसरी सञ्चालन भइरहेका छन् भन्ने केही नमुना उदाहरण हुन् । ब्राजिलको क्युरिटिबालाई प्रायः दिगो सहरी योजनाको नमुनाका रूपमा उद्धृत गरिन्छ । सहरले समर्पित बस लेनहरुका साथ एक व्यापक यातायात प्रणाली लागू गऱ्यो, जसले ट्राफिक भीड र वायु प्रदूषण कम गर्न मद्दत गर्यो । यसले बासिन्दाहरुका लागि उच्च गुणस्तरको जीवन प्रवर्द्धन गर्दै हरिया ठाउँ र पार्कहरुलाई पनि प्राथमिकता दियो । डेनमार्कको कोपेनहेगन दिगो सहरी विकासमा गरिएका प्रयासहरुको लागि प्रसिद्ध छ । सहरले साइक्लिङ पूर्वाधारमा ठूलो लगानी गरेको छ, यसलाई विश्वको सबैभन्दा बाइकमैत्री सहरहरुमध्ये एक बनाइएको छ ।

यसले नवीकरणीय ऊर्जा समाधान पनि लागू गरेको छ र सन् २०२५ सम्म कार्बन न्युट्रल बन्न प्रतिबद्ध छ । सिंगापुरले सहरी योजना रणनीतिहरुमार्फत प्रभावकारी रुपमा आफ्नो सीमित भूमि स्रोतहरु व्यवस्थापन गरेको छ । सहर–राज्यले राम्रोसँग एकीकृत सार्वजनिक यातायात प्रणाली सिर्जना गरेको छ, सवारी साधनको स्वामित्वमा कडा नियमहरु लागू गरेको छ र अग्ला भवनहरुसँग ठाडो सहरीकरणमा केन्द्रित छ । सिंगापुरले हरियो ठाउँ, पानी व्यवस्थापन र वातावरणीय दिगोपनलाई पनि जोड दिएको छ । संयुक्त राज्य अमेरिकाको पोर्टल्यान्ड र ओरेगन सहर वरपरका प्राकृतिक क्षेत्रहरु फैलाउन र संरक्षण गर्न सहरी वृद्धि सीमाहरुलाई प्राथमिकता दिएको छ । सहरले सार्वजनिक यातायातमा लगानी गरेको छ । त्यसैगरी जर्मनीको फ्रेइवर्ग दिगोपन र नवीकरणीय ऊर्जाको प्रतिबद्धताका लागि परिचित छ । सहरले पर्यावरणमैत्री निर्माण अभ्यासहरु लागू गरेको छ, नवीकरणीय ऊर्जा स्रोतहरूमा लगानी गरेको छ र प्राथमिकतामा पैदलयात्रु र साइकल पूर्वाधारहरु रहेका छन् ।

यी उदाहरणहरुले प्रभावकारी सहरी योजना, दिगो पूर्वाधारमा लगानी र सामुदायिक संलग्नतामार्फत सहरहरुले सहरीकरणको नकारात्मक प्रभावलाई सफलतापूर्वक सम्बोधन गर्न र अधिक बस्न योग्य, दिगो र लचिलो सहरी वातावरण सिर्जना गर्न सक्छन् भन्ने देखाउँछ । दिगो सहरीकरण सुनिश्चित गर्न कम्प्याक्ट र मिश्रित भूमिको प्रयोग, कुशल यातायात

....बाँकी पृष्ठ ३ मा

# आत्मविश्वास पनि उपचार हो ?



प्रा.डा. दीपकक रेग्मि
वरिष्ठ नाक कान घाँटीरोग शल्यचिकित्सक

मलाई कुनै रोग पो लाग्यो कि ? म कमजोर पो भए कि ? मेरो शरीर ठीक पो छैन कि ?

मान्छेहरु प्राय आफैमाथि आशंका गरिरहेका हुन्छन् । हामीकहाँ एउटा पुरानो भनाई छ, 'बनको बाघले खाएको छैन, मनको बाघले खान्छ ।' वास्तवमा हो पनि । हाम्रो मन कति डरपोक छ ।

मनको डरले हामीलाई सताइरहेको हुन्छ । मन नै कमजोर भएपछि शरीर पनि बलियो हुँदैन । किनभने शरीरसँग मनको सम्बन्ध निकै गहिरो हुन्छ । मनमा आउने भाव, आवेगले शरीरमा प्रत्यक्ष प्रभाव पार्छ । त्यसैले त भन्ने गरिन्छ, 'मन बलियो बनाउनुपर्छ ।'

मन बलियो बनाउने कुरा आत्मविश्वाससँग जोडिएको छ ।

आत्मविश्वास वास्तवमै गजब कुरा हो । यसले मान्छेलाई बलियो बनाउने मात्र होइन यो आफैमा उपचार पनि हो ।

म ठीक छु । मलाई रोग छैन । म रोगलाई जित्छु । यस्ता भावले मान्छेमा आत्मविश्वास पैदा गर्छ । आत्मविश्वासले रोग प्रतिरोधी क्षमता बढाउँछ ।

मानौं कुनै व्यक्तिलाई एउटा रोग लागेको छ । तर, उसले सो रोगलाई सामान्य ठान्छ । म निको हुन्छु भन्ने दृढता राख्छ । औषधि–उपचारले राम्ररी काम गरिरहेको छ भनेर ढुक्क हुन्छ । यस्तो भावले उक्त व्यक्तिको मस्तिष्कमा केही हर्मोन स्राव हुन्छन् । जस्तो डोपामाइन, एन्डोर्फिन, अक्सिटोसिन ।

यी त्यही हर्मोन हुन्, जसले मान्छेलाई खुसी, उत्साहित राख्न सहयोग गर्छ । यी हर्मोनले मुटुको गति सामान्य बनाउँछ, रक्त प्रवाह सहज बनाउँछ, निद्रा बिथोल्दैन । यसरी मन वा भावनाको कारण शरीरमा जुन प्रभाव पार्छ, त्यसले मान्छेलाई छिटो रोगमुक्त हुन पनि सहयोग गर्छ ।

हामी त शरीरको मात्र कुरा गर्छौं । शरीरमा रोग लाग्यो, शरीरमा पीडा भयो भने शरीरको मात्र उपचार खोजिरहेका हुन्छौं । जबकि समग्र स्वास्थ्यमा शरीरको हिस्सा २५ प्रतिशत मात्र हुन्छ । शरीरलाई स्वस्थ राख्नका लागि बाँकी ७५ प्रतिशत हिस्सा मानसिक र आत्मिक कुराले भूमिका खेल्छ ।

शरीर ठीकठाक हुनु मात्र पूर्ण स्वस्थ्य हुनु होइन । विश्व स्वास्थ्य संगठनले नै भनेको छ, मान्छे समग्रमा स्वस्थ्य हुनका लागि उसको शारीरिक, मानसिक, भावनात्मक, आत्मिक स्थिती ठीक हुनुपर्छ । अर्थात् स्वस्थ जीवनको यी चार प्याकेज हुन् ।

शरीरलाई प्रभाव पार्ने मानसिक स्वास्थ्यले हो, मानसिक स्वास्थ्यलाई भावनात्मक स्वास्थ्यले प्रभाव पार्छ र भावनात्मक स्वास्थ्यलाई चेतना स्तरले ।

मान्छेले म रोगी छु, मलाई रोग पो लाग्यो कि भन्ने सोच्छ भने उसको दिमागबाट कोर्टिसोल भन्ने हर्मोन निस्कन्छ । यसले मान्छेलाई दुखी बनाउँछ, मुटुको गति बढाउँछ, रक्तचाप बढाउँछ, निद्रा लाग्दैन । यी कुराले ऊ शारीरिक रुपमै रोगी हुन पुग्छन् ।

(स्रोतः अनलाईनखबर)

# तुल्सीलाल स्मृति बुद्धिचालमा मकवानपुरका खेलाडी सहभागी

समाज संवाददाता

हेटौंडाः ललितपुरमा सुरु भएको तुल्सीलाल स्मृति राष्ट्रिय क्लब टिम च्याम्पियनसीप बुद्धिचाल प्रतियोगितामा मकवानपुरका खेलाडीहरु सहभागी भएका छन् । मकवानपुर जिल्ला बुद्धिचाल संघका अध्यक्ष मनोज श्रेष्ठसहित सुरेन्द्र कर्माचार्य, कृष्ण थापा ,सिंगेश्वर दास, सुदेन ट्वी ट्वी , अनुष्न गौतम र जियोन श्रेष्ठ ललितपुर प्रस्थान गर्नुभएको हो ।

शनिबारसम्म सञ्चालन हुने प्रतियोगिता लिग कम नकआउटका आधारमा हुने अध्यक्ष श्रेष्ठले बताउनुभएको छ। यस वर्षको प्रतियोगिता गत वर्षभन्दा फरक ढंगबाट आयोजना गरिने जनाइएको छ । प्रत्येक टिममा वैकल्पिकसहित ५ जना खेलाडी रहने प्रतियोगिताको संरचनामा खेलाडीहरुलाई ए, बी, सी र डी गरी चार समूहमा विभाजन गरिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

प्रतियोगिताको समूह 'ए' मा टाइटल प्राप्त खेलाडी, पूर्वनेपाल च्याम्पियन, राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट १० स्थान प्राप्त गर्ने खेलाडी तथा १९०० रेटिङ माथिका खेलाडी रहेका छन् । यस्तै, समूह 'बी' मा १९०० रेटिङ मुनिका खेलाडी, समूह 'सी' मा यु-२० र समूह 'डी' मा यु-१६ वाला महिला खेलाडी रहनेछन् । वैकल्पिक खेलाडीमा जुन समूहको खेलाडी हो, त्यही ठाउँमा प्रतिस्पर्धा गर्न पाउने प्रावधान रहेको जनाइएको छ ।

प्रतियोगिताको साविक विजेता थापाथली चेस पार्क क्लब, मकवानपुर जिल्ला बुद्धिचाल संघ, ललितपुर स्पोर्ट्स क्लब, गोल्डेन गेट क्लब, लुम्बिनी इभेन्ट मेनेज्मेन्ट टिम, सुदूरपश्चिम खेलकुद विकास परिषद्, दोलखा चेस होम, दोलखा बुद्धिचाल संघ, गण्डकी प्रदेश बुद्धिचाल संघ, कास्की जिल्ला बुद्धिचाल संघ, ललितपुर महानगरपालिका, गोदावरी नगरपालिका, पुल्चोक क्याम्पस, ललितपुर जिल्ला बुद्धिचाल संघलगायत २० टोलीको सहभागिता रहेको जनाइएको छ । प्रतियोगिताको सबै विधाको कुल पुरस्कार राशि ४ लाख ७० हजार रुपैयाँ रहेको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले २ लाख रुपैयाँ, उप-विजेता टिमले १ लाख २० हजार रुपैयाँ, तृतीय हुने टिमले ६० हजार र चौथो हुने टिमले ४० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, प्रत्येक बोर्डमा प्रथम हुने ४ जना खेलाडीले समान १०-१० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले

# एसईईको गह्रुङ्गो भारी



रुपक घिमिरे/कक्षा-१०

सबैलाई थाहा नै छ । विद्यालय शिक्षा परीक्षा (एसईई) नजिकै आइसक्यो । यो परीक्षा नजिकिँदै गर्दा अरुले भने जस्तो मलाई त्यति धेरै तनाव त लागेको थिएन । तर विस्तारै परीक्षाका दिनहरु नजिक-नजिक पुग्दै गर्दा मन र मस्तिष्कमा केहि डर भने बढ्न थालेको ।

अग्रजहरुको कुरा सुन्दा, शिक्षकहरुको भनाइ बुझ्दा यो परीक्षाको हाम्रो शैक्षिक जीवनमा ठुलो महत्व रहेको बुझिन्छ । परीक्षा भनेको हामीले कति सिक्यौं, कति बुझ्यौं भन्ने कुराको गणना गर्ने तरिका हो । यस परीक्षालाई सही ढंगबाट लिएर तयारी गर्न सक्यौं भने यसले जीवनलाई छुट्टै पथमा लैजान सहयोग गर्छ । त्यसैले सबैजना मरिमेटी तयारीमा लागेका छन् ।

मेरो आफ्नै बारेमा सोच्दा भने तयारी त पुगेको छ जस्तो लाग्दैन तर पनि म बिस्तारै तयारीमा जुट्दैछु । पौष महिना सकिनै लागिसक्यो । अब परीक्षाका लागि जम्मा जम्मी दुई महिना जति बाँकी छ । यो समयलाई अब मैले राम्ररी प्रयोग गर्नुपर्नेछ । सबैजनाले आफ्नो भविष्यको लक्ष्य अनुसार प्राप्त गर्नुपर्ने निश्चित उपलब्धिको खाका तयार गरेका छन् । मैले पनि गरेको छु । तयारी पनि सोही अनुरुप गरिरहेका छौं । हुन त एउटा परीक्षाले जीवनको परिचय दिन सक्दैन तर पनि हामीले विद्यार्थीको रुपमा गर्नुपर्ने मेहनत भने गर्न छोड्नु हुँदैन । अभ्यास गर्नका लागि हामीले थुप्रै सन्दर्भ सामग्रीको प्रयोग गरिरहेका छौं । अहिलेसम्म थुप्रै अभ्यास पुस्तकको पनि प्रयोग गरिसकेका छौं । बिहान उठेदेखि नै पढाई कै कुरा हुन्छ । बिहान सात बजेदेखि बेलुकी छ बजेसम्म निरन्तर सिक्ने क्रम चलिरहेको छ । बेलुका पनि सुत्नु अघिसम्म परीक्षा कै तयारी चल्छ ।

साताको प्रत्येक मंगलबार र शुक्रबार सामाजिक शिक्षा विषयको एकाई परीक्षा हुन्छ । आइतबार गणितको परीक्षा हुन्छ । अन्य विषयको पनि परीक्षा चलिनै रहन्छ । यसरी एकोहोरो एसईईको तयारीले गर्दा व्यक्तिगत जीवनमा पनि आजकल केही असर परिरहेको जस्तो महसुस भइरहेको छ । धेरै अभ्यास गरेको कारणले गर्दा टाउको दुख्ने, आङ दुख्ने जस्ता स्वास्थ्यको समस्या आइरहेको छ । तैपनि यस्ता समस्याहरुलाई ध्यान नदिएर आफ्नो गन्तव्यको बाटोमा लागिरहेका छौं । अरु साथीहरुको विषयमा त त्यति थाहा भएन तर मलाई चाहिँ खै किन हो बिस्तारै तनाव बढ्दै गए जस्तो लागिरहेको छ । यसो बुझ्दा सबैलाई यस्तै होकि भन्ने पनि लाग्छ । एसईईमा राम्रो जिपिए ल्याउने लक्ष्य छ । यसअघिका सबै एसईईमा विद्यालयको नतिजा राम्रो आएको छ । त्यसले पनि हाम्रो व्याचलाई राम्रो नतिजा ल्याउनुपर्ने दवाव हुने रहेछ । हामी विद्यालयको चौथो एसईई ब्याच हौं । भन्न त तनाव लिनु हुन्न, आत्तिनु हुन्न भनेर शिक्षकहरुले भनी नै रहनु हुन्छ । तर पनि एसईई भन्नासाथ सबैको चासो हुने भएकोले हामीलाई अझै बढि तनाव बढेको होला भन्ने लाग्छ । जे होस् सबैको चासोको यो परीक्षामा राम्रो ग्रेड ल्याउने हाम्रो प्रयास छ ।

एसईई जीवनको एक महत्वपूर्ण परीक्षा भएकोले यो परीक्षाले पनि विद्यार्थीको जीवनमा मार्गनिर्देशन गर्न सहयोग गर्छ । हाम्रो तर्फबाट सकेको प्रयास गर्दै सबैले यस परीक्षामा झिल्को बाल्ने कुरा पनि गरेका छन् । भोलि नतिजा के होला आफ्नो ठाउँमा छ । तर हामीले हाम्रो तर्फबाट सक्ने प्रयास गरिरहेका छौं । परम्पराले बोकाइदिएको एसईईको गह्रुङ्गो भारी बोकिरहेका छौं । न राम्ररी सुत्न पाएका छौं । न समयमा उठ्न पाएका छौं । खेल्न घुम्न त झन बन्देज नै लागेको जस्तो भएको छ । यसो गरौं भन्यो एसईईपछि, उसो गरौं भन्यो एसईई पछि । त्यसैले कहिलेकाहीँ त दिक्क पनि लाग्छ । अनि सोच्छु एसईई दिने विद्यार्थीको पीडा किन कसैले नबुझेका होलान ?

# सिद्धार्थ माविका विद्यार्थीलाई शैक्षिक सामग्री

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको छ । विद्यालयका पूर्वशिक्षक पुरुषोत्तम ढकालले आफ्नो स्वर्गीय आमा र बुबाको सम्झनामा स्थापना गर्नुभएको पदमादेवी-केदारनाथ अक्षयकोषबाट विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण गरिएको हो ।

शनिबार विद्यालयका ४ कक्षादेखि ८ कक्षासम्मका विपन्न परिवारका जेहेनदार ११ जना विद्यार्थीलाई विद्यालयको पोशाक, कापी, कलम वितरण गरेको हो । अक्षयकोषमा ५ लाख रुपैयाँ रहेको छ । वडा सदस्य सुरज बर्तौला, इन्द्रप्रसाद रिजाल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम घिमिरेको पनि आतिथ्य रहेको थियो ।

सिद्धार्थ माविमा विद्यालयमा सौरव-गौरव वनस्खण्डी अक्षकोष, र वीवादन स्मृति अक्षाकोष, गोकुल बागेश्वरी अक्षकोष र रिन्छेङ घिसिङ स्मृति गरी ५ वटा कोषहरु रहेको छ । रामेश्वरी स्मृतिकोषबाट १ कक्षादेखि ५ कक्षासम्मका विद्यार्थीलाई शैक्षिक सामग्रीहरु सहयोग गर्ने गरेको, सौरव-गौरव कोषबाट कक्षा ११ मा उत्कृष्ट अंक ल्याउने एकजना छात्रा र एकजना छात्रलाई पुरस्कृत गर्ने गरेको, गोकुल बागेश्वरी कोषबाट वर्षभरी उत्कृष्ट हुने २ जना शिक्षकहरुलाई सम्मान गर्ने गरेको र घिसिङ स्मृतिकोषबाट जेहेनदार विद्यार्थीलाई सहयोग गर्ने गरेको विद्यालयका प्रधानाध्यापक मोहनप्रसाद शर्माले जानकारी दिनुभएको छ । १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा दुइ हजार एक सय २५ जना विद्यार्थी अध्ययनरत छन् ।

# डुबेर थिङको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-४, बागमती खोलामा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा झुरझुरेका ३५ वर्षीय गोपाल थिङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

थिङ आइतबार दिउँसो ४ बजेको समयमा माछा मार्न गएकोमा घरमा नफर्केको कारण आफन्तहरुले खोजी गर्दै जाने क्रममा सोमबार बिहान २ बजेर १५ मिनेटको समयमा बागमती खोलामा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात शव पोस्टमार्टम लागि बिहान ९ बजे हेटौंडातर्फ ल्याइएको प्रहरीले जानकारी दिएको छ ।

## गाउँ रित्तिनु...

प्रणाली, हरितमैत्री भवन र पूर्वाधार, नवीकरणीय ऊर्जा अपनाउने, दिगो पानी व्यवस्थापन, हरियो ठाउँको संरक्षण, सामुदायिक संलग्नता र सहभागिता, स्मार्ट सिटी प्रविधि, सामाजिक समावेशिता र समानता तथा वातावरणीय संरक्षण महत्वपूर्ण छन् । यी रणनीतिहरु जब स्थानीय सन्दर्भहरू मिलाएर गरिन्छ, यसले दिगो र बस्नयोग्य सहर सिर्जना गर्न योगदान गर्न सक्छ । *(स्रोतः कारोबारदैनिक)*


## मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडाको शिक्षक पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८०/०९/२४)*

यस मकवानपुर बहुमुखी क्याम्पस हेटौंडाको लागि निम्न पदहरु करारमा पूर्ति गर्नुपर्ने भएकाले क्याम्पस सेवा समितिको मिति २०८०/०९/२२ गतेको निर्णयानुसार देहाय वमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र वैयक्तिक विवरण, आवश्यक प्रमाणपत्रका प्रतिलिपि र एक प्रति फोटो सहित स्वहस्तलिखित दरखास्त (कार्यालय समयभित्र) आव्हान गरिएको छ ।

**विज्ञापन नं.: १०/२०८०/२०८१**
विषयः सूचना तथा प्रविधि (Information & Technology)
पदः सहायक प्राध्यापक (पूर्णकालीन करार)
संख्याः १ (एक)
न्यूनतम योग्यताः- सूचना तथा प्रविधि (MICTE वा M.Sc. CSIT वा MCA वा MIT वा ME in Computer Engineering वा सो सरह) विषय लिई स्नातकोत्तर तह कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्ने छ ।
छनौट विधिः लिखित, कक्षा अवलोकन तथा अन्तर्वार्ता ।

**विज्ञापन नं.: ११/२०८०/२०८१**
विषयः व्यावसायिक कानुन (Business Law)
पदः कोर्ष करार शिक्षक
संख्याः १ (एक)
न्यूनतम योग्यताः कानुन विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण भएको वा सो सरह वा कुनै एक बिषयमा स्नातकोत्तर तह कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण भई कानुन विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातक तह उत्तीर्ण भएको ।
छनौट विधिः कक्षा अवलोकन तथा अन्तरवार्ता ।
पारिश्रमिकः क्याम्पसको नियमानुसार ।
दरखास्त दस्तुरः रु. ५००/- (पाँच सय) मात्र ।

**मकवानपुर बहुमुखी क्याम्पस, हेटौडा**
**सम्पर्क नं. : ०५७-५२०६२०, ५२१८६७, ५२३७६२**

## मकवानपुर बहुमुखी क्याम्पस, हेटौडाको कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८०/०९/२४)*

यस मकवानपुर बहुमुखी क्याम्पस हेटौंडाको लागि निम्न बमोजिमको पद स्थायी पूर्ति गर्नुपर्ने भएकाले क्याम्पस सेवा समितिको मिति २०८०/०९/२२ गतेको निर्णयानुसार देहाय वमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र वैयक्तिक विवरण, आवश्यक प्रमाणपत्रका प्रतिलिपिहरु समेत संलग्न गरी क्याम्पसबाट उपलब्ध गराइएको दरखास्त फारम भरी कार्यालय समयभित्र बुझाउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन नं.: १२/२०८०/२०८१**
पदः लेखा अधिकृत (सहायक प्रशासक सरह)
संख्याः १ (एक)
न्यूनतम योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक वा अर्थशास्त्र, गणित, तथ्यांकशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण भएको
छनौट विधिः लिखित, मौखिक र प्रयोगात्मक
पाठ्यक्रमः लोकसेवा आयोगले तोके अनुसार
पारिश्रमिकः क्याम्पसको नियमानुसार ।
दरखास्त दस्तुर : रु. १,०००/- (एक हजार) मात्र ।

**मकवानपुर बहुमुखी क्याम्पस, हेटौडा**
**सम्पर्क नं. : ०५७-५२०६२०, ५२१८६७, ५२३७६२**

## हेटौंडा उपमहानगरपालिका २ नम्बर वडा कार्यालयको सूचना

बालश्रम बालविकासमा असर पार्ने शोषणजन्य कार्य हो । बालश्रमले बालबालिकाको वृद्धि र विकासमा गंभिर असर पार्ने गर्दछ । यसको अन्त्यका लागि सरोकारवालाहरुले गम्भीर भएर सोच्नु जरुरी छ ।

**विष्णुगोपाल महर्जन**
**वडा अध्यक्ष तथा**
**२ नम्बर वडा कार्यालय परिवार**

## वडावासीहरूमा जानकारीका लागि अनुरोध

नेपालको संविधान भाग–३ मौलिक हकको धारा ३९ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४, र बालबालिका सम्बन्धी ऐन, २०७५, समेतलाई कार्यान्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगरपालिका तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोरकिशोरीहरुले विवाह गरे गराएमा दुवै पक्ष कानून बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौँ । साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तैः मोटर ग्यारेज, होटल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन, सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । नगर भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानून बमोजिम हुने व्यवहोरा पनि जानकारी गराईन्छ ।

**सुनिल मोक्तान**
**वडा अध्यक्ष तथा**
**१५ नम्बर वडा कार्यालय परिवार**
**हेटौंडा उपमहानगरपालिका**

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# माघभित्रमा चेपाङ संरक्षित क्षेत्र घोषणा गर्छौं: मुख्यमन्त्री जमकट्टेल

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जमकट्टेलले माघ महिनाभित्र चेपाङ संरक्षित क्षेत्र घोषणा गर्ने बताउनुभएको छ। सोमबार राक्सिराङ गाउँपालिकाको १५ औं अधिवेशनलाई सम्बोधन गर्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

मुख्यमन्त्री जमकट्टेलले प्रदेश सरकारले चेपाङ सरक्षित क्षेत्र घोषणा गर्न अध्ययन टोली बनाएर कार्य गर्न सुरु गरेको बताउनुभयो। उहाँले भन्नुभयो- 'चेपाङ हाम्रो पहिचान हो, सभ्यता हो, हाम्रो संस्कृति हो। चेपाङहरुले माग गरेको संरक्षित क्षेत्रको कार्य सुरुवात भएको छ । यसको लागि अध्ययन टोली बनाएर काम सुरु गरिसकेका छौ ।' मकवानुरको राक्सिराङ, चितवनको राप्ती नगरपालिका, कालिका नगरपालिका, इच्छाकामना गाउँपालिका, धादिङको बेनिघाट रोराङ र गजुरी गाउँपालिका गरी ६ पालिकामा चेपाङ समुदाय बसोबास गर्ने बताउनुहुँदै उहाँले यस क्षेत्रमा चेपाङ सरक्षित क्षेत्र घोषणा गर्ने बताउनुभयो ।

उहाँले चेपाङ, चिउरी र चमेरो संरक्षणका लागि पाँच वर्षे कार्यक्रम बनाएर अगाडि बढाएको र कार्यविधि पास गर्ने बताउनुभयो। मुख्यमन्त्री जमकट्टेलले विगतको अनुभवबाट सिकेर धेरै नीति तथा कार्यक्रममा चेपाङ समुदायसँग सम्बन्धित कार्यक्रमहरु नयाँ मोडेलमा ल्याएको बताउनुभयो। उहाँले अब चेपाङ समुदाय चिन्तित हुनुपर्ने अवस्था नरहेको बताउनुभयो।

मुख्यमन्त्री जमकट्टेलले मनहरीबाट चैनपुर, बैकुण्ठ हुँदै आदामघाट निस्कने ५७ किलोमिटर छोटो बाटो चाँडो निर्माण हुने बताउनुभयो। संघीय र प्रदेश सरकारको सहलगानीमा सम्पन्न हुनेगरी समपूरक आयोजनामा निर्माण सुरु भएको उक्त बाटो निर्माण कार्य सोचेअनुसार नभएको र निर्माण कम्पनीलाई चाँडो सकाउन भनेको उहाँले बताउनुभयो। अहिले प्रदेश सरकारले समयमा काम सम्पन्न गर्न नसक्ने निर्माण व्यवसायीहरुसँगको सम्झौता रद्द गरी कालो सूचीमा राख्ने काम अगाडि बढाएको उहाँले बताउनुभयो । यो बाटो निर्माणपछि राक्सिराङको विकासमा सहयोग पुग्ने उहाँको भनाइ छ ।

उहाँले मुलुकको अहिलेको व्यवस्थाले विस्तारै काम गर्न सुरु गर्न थालेकाले यस व्यवस्थामाथि अहिले नै व्याख्या गर्न आवश्यक नरहेको बताउनुभयो । यो व्यवस्थाले नै अहिले विकासका कार्यहरु हुन थालेको उहाँको भनाइ छ । नेता कार्यकर्ताहरुले जनतासँग निराशाका कुरा गर्न नहुने उहाँले बताउनुभयो ।

अधिवेशनमा प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाले गाँजा खेतीलाई वैधानिक बनाउनुपर्छ भन्ने आवाजलाई सरकारले ध्यान दिनुपर्ने बताउनुभएको छ। छिमेकी मुलक भारत र चीनमा पनि गाँजा खेती वैधानिक नभएको अवस्थामा नेपालमा गाँजा उत्पादन गरेर बजारको ग्यारेन्टी कसले गर्ने भनेर सरकारले अध्ययन गर्नुपर्ने उहाँले बताउनुभयो । अहिलेको सरकारले मान्छे मार्नेलाई विभिन्न उपलक्ष्यमा आममाफी दिने तर आफ्नो छाक टार्न गाँजा बोक्ने भरियालाई भने कारागारमा थुनिराखेको उहाँले बताउनुभयो । सरकारले लागूऔषध कारोबार गर्नेलाई भने पक्राउ गर्न नसकेको र भरियालाई समातेर वर्षौंसम्म जेल राख्ने गरेको उहाँले बताउनुभयो ।

उहाँले पालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा नराखेसम्म अरु कार्यक्रम नारामै सिमित हुने बताउनुभएको छ। पालिकाभित्रका सबै विद्यालयमा दिनहुँ विद्यार्थी खाली हुँदै गएको प्रति उहाँले चिन्ता व्यक्त गर्नुभयो। अहिले माध्यमिक तहसम्मको जिम्मेवारी स्थानीय सरकारलाई दिएकाले स्थानीय सरकारले विशेष ध्यान दिनुपर्ने उहाँले बताउनुभयो ।

बागमती प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँले गाँजा खेतीलाई वैधानिक बनाउनुपर्ने बताउनुभएको छ । गाँजा जडीबुटीजन्य वनस्पति भए पनि यसलाई लागूऔषध बनाएको उहाँले बताउनुभयो । गाँजा खेतीलाई कि वैधानिकता र नभए यसको विकल्प दिनुपर्ने उहाँले बताउनुभयो ।

पालिकाका उपाध्यक्ष वनस्तम थिङले अहिले पालिकाका धेरै युवाहरु गाँजाको मुद्दामा कारागारमा नभए खाडी मुलुकमा रहेको बताउनुभयो । यस्तो हुँदा गाउँमा काम गर्न गाह्रो भइरहेको उहाँले बताउनुभयो। केही गरौं भन्नेउर्जाशील युवाहरु जेल जीवन बिताइरहँदा जनतालाई गरेको बाचाहरु पूरा गर्न नसकिरहेको उहाँले बताउनुभयो। पालिकाले अधिवेशनको अवसरमा कर्मचारी, शिक्षक, विद्यार्थी, उपभोक्ता समिति, सञ्चारकर्मी, खेलाडी, कलाकार र उद्यमीहरुलाई सम्मान गरेको छ ।

### ६ वटा प्रस्ताव पारित

पालिकाको अधिवेशनमा ६ वटा कार्यसूची पेश भएकोमा सबै पारित भएको छ । गाउँपालिकाका उपाध्यक्ष वनस्तम थिङले चालु आर्थिक वर्ष २०८०/०८१ को अर्धवार्षिक समीक्षा गाउँसभामा पेश गर्नुभएकोमा पारित भएको छ। पालिकाका अध्यक्ष राजकुमार मल्लले न्यायिक समितिको वार्षिक प्रतिवेदन तथा मेलमिलापकर्ताहरुको नाम अनुमोदनका लागि प्रस्ताव पेश गर्नुभएकोमा पारित भएको छ । यस्तै, उपाध्यक्ष थिङले चालु आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रममाथिको संशोधन प्रस्ताव प्रस्तुत गर्नुभएकोमा पारित भएको छ ।

कार्यपालिका सदस्य बावीराम मुक्तानले स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन अन्तिम नतिजा छलफलको लागि सभामा पेश गर्नुभएकोमा पारित भएको छ । अर्का कार्यपालिका सदस्य उत्तम वाईबाले आर्थिक वर्ष २०७८/०७९ सम्मको बेरुजु नियमित गर्नेसम्बन्धी प्रस्ताव पेश गर्नुभएकोमा पारित भएको छ । कार्यपालिका सदस्य युसाई प्रजाले प्रजा विकास कार्यक्रमको जग्गा लाभग्राहीले प्राप्त गर्न आवश्यक पहल गर्नेसम्बन्धी प्रस्ताव पेश गर्नुभएकोमा पारित भएको छ। पालिका अध्यक्ष राजकुमार मल्लको सभाध्यक्षतामा भएको अधिवेशनमा संविधानसभा सदस्य गोविन्दराम चेपाङ, बागमती प्रदेशसभाका पूर्वसदस्यहरु सन्त चेपाङ र ओम घलानलगायतको आतिथ्य रहेको थियो ।

# हेटौंडा सिमेण्ट उद्योग सञ्चालन गर्न माग गर्दै आन्दोलनको घोषणा

समाज संवाददाता

हेटौंडाः हेटौंडा सिमेण्ट उद्योग सञ्चालन गर्न माग गर्दै अखिल नेपाल औद्योगिक मजदुर संघले ८ दिनसम्म आन्दोलन गर्ने भएको छ। मजदुर संघले पुस २४ गतेदेखि माघ २ गतेसम्म हेटौंडा सिमेण्ट उद्योगको प्रशासनिक भवन अगाडि कालोपट्टी बाँधेर धर्ना दिने भएको छ । मजदुर संघले ७ दिनसम्म ९ बजेदेखि ११ बजेसम्म दिनको २ घण्टा धर्ना बस्ने र अन्तिम दिन ३ घण्टा धर्ना बस्ने अखिल नेपाल औद्योगिक मजदुर संघका अध्यक्ष दिपक सिंह थोकरले जानकारी दिनुभयो ।

उद्योग दसैंबाट नै ठप्प रहेको उहाँले बताउनुभयो । सिमेण्ट उद्योगले कोइला नभएको, चुनढुङ्गा नभएको भन्दै उत्पादन नगरेको उहाँको भनाई छ । मजदुर संघ उद्योग सञ्चालन गर्नुपर्ने माग राखी पेश गरेको अल्टिमेटमका व्यवस्थापनले वास्ता नगरेको र विभिन्न बहाना बनाई उत्पादन नगरेको समेत उहाँले आरोप लगाउनुभयो ।

अत्यावश्यकीय कच्चा पदार्थ हालसम्म पनि पर्याप्तरुपमा जम्मा गर्न नसकेको र उद्योग नियमित सञ्चालन गर्न कुनैपनि प्रयत्न नगरेको भन्दै अखिल नेपाल औद्योगिक मजदुर संघ, हेटौंडा सिमेण्ट उद्योग लिमिटेड आन्दोलन गर्न बाध्य भएको अध्यक्ष थोकरको भनाई छ।

# त्रिभुवन माविको प्रधानाध्यापकमा श्रेष्ठ

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११, नवलपुरस्थित त्रिभुवन माध्यमिक विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी हस्तलाल श्रेष्ठले पाउनु भएको छ। यसअघिका प्रधानाध्यापक नारायणप्रसाद भण्डारीले स्वेच्छिक अवकास लिनु भएपछि रिक्त रहेको प्रधानाध्यापक पदमा श्रेष्ठलाई नियुक्त गरिएको हो । भण्डारीले अवकास लिनुभएपछि कार्यवाहक प्रधानाध्यापकको जिम्मेवारी श्रेष्ठले नै लिनुभएको थियो ।

मावि द्वितीय श्रेणीका शिक्षक श्रेष्ठले विद्यालयमा सामूहिकरुपमा विद्यालयलाई अगाडि बढाउने बताउनुभएको छ। उहाँले विद्यार्थीलाई अनुशासित बनाएर प्रभावकारी शैक्षिक वातावरण बनाउने बताउनुभयो । कक्षा १० का विद्यार्थीलाई एसईईमा राम्रो नतीजा हासिल गर्न, गराउन गणित, विज्ञान र अंग्रेजी विषयलाई बढी प्राथमिकता दिएर बिहान ८ बजेदेखि १० बजेसम्म र बेलुका ४ बजेदेखि ५ बजेसम्म अतिरिक्त कक्षा सञ्चालन गर्ने उहाँले बताउनुभएको छ ।

विद्यालयमा अहिले चलिरहेको परीक्षाको नतिजा यही माघ १२ गते अभिभावकको उपस्थितिमा प्रकाशन गर्ने र विद्यार्थीहरुले प्राप्त गरेको नतिजाको आधारमा आगामी शैक्षिक योजना बनाउने उहाँको भनाई छ। आफुले प्रधानाध्यापकको जिम्मेवारी पाएकोमा खुशी व्यक्त गर्नुहुँदै श्रेष्ठले आफ्नो कार्यकालमा विद्यालयको भौतिक एवम् शैक्षिक सुधारमा सक्दो योगदान दिने बताउनुभयो ।

Government of Nepal
Ministry of Agriculture and Livestock Development
Department of Food Technology and Quality Control

## Food Technology and Quality Control Office

Hetauda, Makawanpur

**दोश्रो पटक प्रकाशित सूचना**

## Invitation for Sealed Quotation

Invitation for sealed quotation for the procurement of Laboratory Equipments
Sealed Quotation No. FTQCOH/SQ/01/080/81

***Date of Publication: 2080-09-24***

1. The Food Technology and Quality Control Office, Hetauda invites sealed quotations from registered supplier's for the supply, delivery and installation of following laboratory equipments.

| Sealed Quotation No. | Description | Bid security | Remarks |
|---|---|---|---|
| FTQCOH/SQ/01/080/81 | Procurement of total 14 sets of different Lab Equipment | 30,000/- | All others not mentioned in the description will be as per approved technical specifications |

2. Eligible bidders may obtain further information and inspect the Bidding Documents at the Food Technology and Quality Control Office, Hetauda (Contact no. 057-412819).
3. A complete set of Bidding Documents may be purchased from Food Technology and Quality Control Office, Hetauda on the submission of a written application, along with the copy of company/form registration certificate and upon payment of a non-refundable fee of Rs.1,000/- till 15th Magh, 2080 during office hours.
4. Sealed bids must be submitted to the Food Technology and Quality Control Office, Hetauda on or before 4:00 pm on 15th Magh, 2080. Bids received after the deadline will be rejected.
5. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at 01:00 pm on 16th Magh, 2080 at the office of Food Technology and Quality Control Office, Hetauda. Bids must be valid for the period of 45 days after bid opening and must be accompanied by a bid security as shown in above table; in any of the following forms:
(a) a cash deposit voucher in the Purchaser's Account as specified in the BDS under following bank details or;
*Name of the Bank: Nepal Bank Limited, Hetauda*
*Name of the Office: Food Technology and Quality Control Office, Hetauda*
*Office Code No: 312033201*
*Account Name: KA 2.3- KO LE NI KA MAKAWANPUR DHARAU*
*Account No: 02501000002003000001*
(b) an unconditional bank guarantee from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last submission falls on the government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain as same as specified for the original last date of bid submission.
7. The purchaser reserves the right to accept or reject, wholly or partly any or all of the sealed quotations without assigning any reason, whatsoever.
8. Except the mentioned clauses all other conditions of the bidding process must follow the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064.

## हेटौंडा उपमहानगरपालिका
## १ नं. वडा कार्यालयको सूचना

नेपालको कानुनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ मा भएको व्यवस्था बमोजिम विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी विवाह गर्न वा गराउनु हुँदैन यदी गर्ने वा गराउने गरेमा तीन वर्षसम्म कैद र बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

**सविन न्यौपाने**
**वडा अध्यक्ष तथा**
**१ नम्बर वडा कार्यालय परिवार**

## वडावासीहरूमा जानकारीका लागि अनुरोध

नेपालको संविधान भाग – ३ मौलिक हकको धारा ३९ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४, र बालबालिका सम्बन्धी ऐन,२०७५, समेतलाई कार्यान्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगरपालिका तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोरकिशोरीहरुले विवाह गरे गराएमा दुवै पक्ष कानून बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं । साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम ( जस्तै: मोटर ग्यारेज, होटल, गिट्टी,बालुवा,सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन,सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । नगर भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानून बमोजिम हुने व्यवहोरा पनि जानकारी गराईन्छ ।

**दामोदर गौतम**
**वडा अध्यक्ष तथा**
**७ नम्बर वडा कार्यालय परिवार**
**हेटौंडा उपमहानगरपालिका**

## वडावासीहरूमा जानकारीका लागि अनुरोध

नेपालको संविधान भाग–३ मौलिक हकको धारा ३९ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४, र बालबालिका सम्बन्धी ऐन, २०७५, समेतलाई कार्यान्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगरपालिका तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोरकिशोरीहरुले विवाह गरे गराएमा दुवै पक्ष कानून बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं । साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन, सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । नगर भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानून बमोजिम हुने व्यवहोरा पनि जानकारी गराईन्छ ।

**दीपक खड्का**
**वडा अध्यक्ष तथा**
**१४ नम्बर वडा कार्यालय परिवार**
**हेटौंडा उपमहानगरपालिका**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ